

# गुरूङ समुदायमा बुद्ध धर्मको प्रभाव

● चन्द्र प्रसाद गुरूङ, बेलायत

गुरूङ जातिको आफ्नै मौलिक धर्म, संस्कार, रीतिरिवाज र परम्पराहरू छन्। यसलाई झट्ट हेर्दा, हिन्दु धर्म, संस्कार र संस्कृतिसँग मिल्दो जुल्दो देखिन्छ। तर, गुरूङहरूले मान्ने रीतिथिति र हिन्दुहरूले मान्ने रीतिमा धेरै फरक रहेको छ। गुरूङ जातिको इतिहासलाई सरसर्ती हेर्दा, पौरानिक कालदेखि नै जंगलमा बस्ने। जंगलको कन्दमूलहरू खाने र जंगली जनावरहरूको शिकार गरेर जीविकोपार्जन गरेको देखिन्छ। यसरी जंगलमै फिरन्ते जीवन बिताउने जाति भएकाले प्राकृतिक सम्पदाहरूमा बढि आस्था र बिश्वास राख्छन्। जस्तै– जंगलका ठुल्ठुला रूखहरू, पहाड, पर्वत, खोला-नालाहरूलाई ईश्वरको रूप मानेर पूजा गर्दछन्। गाउँघरमा कसैको दुःखद घटनाहरू भएमा अथवा कसैलाई कुनै किसिमको दुःख बिमार भएमा देवीदेवताको भाकल गर्छन्। पशु पक्षीहरू काटेर रगतको भोक दिने चलन थियो। यसो गर्नले देवी देवताहरू खुशी हुन्छन्। दुःख बिमारहरू निको हुन्छन् भन्ने जनविश्वास छ। यसको तात्पर्य के हो भने त्यतिबेला हाम्रो गुरूङ समुदायमा बुद्ध धर्मप्रति आस्था थिएन। सायद गुरूङहरूको आफ्नो मौलिक प्राकृतिक धर्म थियो। तर, हिन्दुवादको प्रभावले गर्दा, ओझेलमा परेको थियो।

**नमो गुरूय। नमो बुद्धय।**
**नमो धर्मय। नमो संघाय।**

गुरूङ गाउँहरूमा लामा, घ्याप्रैं, पच्यु र झाँक्री (खेगी) गुरूहरू थिए। यी सबै धर्म गुरूहरूद्वारा गरिने जन्मदेखि मृत्युसम्मका कर्मकाण्डहरू (प्यक्ष्या) हरूमा काटमार गरिन्थ्यो। त्यस बखत पहेलो कपडा (चीवर) लगाएका कपाल खौरिएका मुडुलु भएका लामा गुरूहरू घरघरमा भिक्षा (सौंगौं) देउ भन्दै आउथे। हामी उनीहरूलाई भोट खोलाबाट आएका भोटे लामाहरू भन्थ्यौं। त्यस समयको चलन अनुसार परिवारका दोश्रो सन्तान माइल छोराले लामा र छोरीले आनी (छ्याउस्यो) भएर आजीवन गुम्बामा बस्ने चलन थियो। तर, यो परम्परा अनिवार्य चाही थिएन। आज यी सबै कुराहरू बुझ्दै आउदा, प्राचिन कालदेखि नै बुद्ध धर्म प्रतिको आस्था र बिश्वास गुरूङ समुदाय भित्र नभएको भने पक्कै होइन रहेछ। हामीले भोट खोलाबाट आएका भोटे लामाहरू भन्ने गर्थ्यौं, उनीहरू बुद्धको अनुयायीहरू रहेछन्, भन्ने कुरा आज स्पष्ट भयो।

अर्को, सन् २०३४/३५ तिरको कुरा हो। हामी पल्टनमा भर्ती हुन आउँदा, आफ्नो सबै बिबरणहरू लेखाउनु पर्थ्यो। जसमा आफ्नो धर्म पनि लेखाउनु पर्थ्यो। त्यतिबेला हामी सबैले हिन्दु धर्म नै लेखाइयो। त्यस बेला हामी बौद्धमार्गी हौं भन्ने कुरा हामी धेरैलाई थाहा थिएन। सानो केटाकेटी छँदा, भगवान बुद्धको बारेमा स्कुलको पाठ्य



पुस्तकमा कताकता पढेको जस्तो याद आउँछ। तर आजभोलीको जस्तो जताततै प्रचार प्रसार भने थिएन। कुनै कुनै किताव र पत्रपत्रिकाहरूमा बुद्धको जन्मस्थल भारत हो भनेर लेखेको पनि पाइन्थ्यो। सायद यस्तै भ्रामक र कपोलकल्पित कारणहरूले गर्दा पनि गुरूङ समुदाय भित्र बुद्ध धर्मप्रतिको आस्था र बिश्वास कम भएको हुन सक्ने अनुमान गर्न सकिन्छ। तर, आज भगवान बुद्धको जन्म नेपालको लुम्बिनीमा भएको भन्ने कुरा बिश्वभरी फैलिरहेको छ।

परिर्वतनशील समयको गतिसंगै गुरूङ जातिमा पनि बौद्धिक, ब्यबहारिक र घरायसी चाल चलनहरूमा बिस्तारै परिबर्तन हुन थालेको छ। यसको कारण शिक्षा र सामाजिक सञ्जालको प्रभाव हो। पञ्चशीलका मुल्य र मान्यताहरूमा हत्या र हिंसा गर्नु हुदैन भन्ने कुरा राम्रोरी बुझ्ेका छन्। आजभोलि गुरूङ समुदायमा पनि सहकारी भोजन खाना लागेको पाइन्छ।

कर्मकाण्डहरू (प्यक्ष्या) गर्दा पनि काटमार नगरी साधरण हिसावले गर्ने गरेको पाइन्छ। दशैंलगायत अन्य चाड पर्वहरूमा पनि सकभर खसी, बोका र राँगाहरू नकाटी अन्य बिकल्पहरू अपनाउन थालेका छन्।

गाउँ, टोल, बस्ती र सार्वजनिक स्थलहरूमा पनि बुद्धको मुर्ती, स्तुपा र गुम्बाहरू निर्माण भइरहेका छन्। घरघरमा बुद्धको पूजापाठ भैरहेका छन्। गाउँ र टोलमा आमा दिदीबहिनीहरू मिलेर राम्रो नराम्रो कामहरूमा बुद्धको भजन (मलम) पाठ गरी सुद्धि कार्य गरेको देखिन्छ। यस अर्थमा हेर्दा, गुरूङ समुदायमा बुद्ध धर्मप्रति आस्था र बिश्वास बढदै गएको देखिन्छ।

हुन त, म कुनै प्राज्ञ, बिज्ञ वा लेखक पनि होइन। तर, आफ्नै दुइ जना काकाहरू पनि लामा गुरूहरू थिए। साथै गाउँ घरमा आफैले देखेर, बुझ्ेर र भोगेर पनि आएका तिता मिठा अनुभवहरूलाई बुद्ध जयन्तीको पावन अवसरमा प्रकाशन हुन लागेको “२५७० औं बुद्ध जयन्ती डिजिटल उपहार” पूर्णाङ्क (१) मार्फत आफ्नो भनाइहरू साझा गरेको हुँ।

गुरूङ समुदायले बुद्ध धर्म र दर्शनलाई राम्रोसँग बुझ्ेर सही ढंगले अभ्यास गर्न सकोस्। भनाइको तात्पर्य के हो भने, गुरूङहरूले मान्दै आएको बौद्ध धर्मले हाम्रो परम्परादेखि चल्दै आएको सनातनी पितृ धर्मलाई पनि सम्मान गरोस्। मौलिक संस्कारको पहिचान पनि संरक्षण हुन सकोस्। किनभने अहिलेको समय भनेको पहिचानको समय हो। सबैलाई चेतना भया।

अहिले, गुरूङ समुदायमा पनि गुम्बा र स्तुपाहरू निर्माण गर्ने कार्यमा ब्यापक जनचेतना आएको

देखिन्छ। यसै क्रममा मेरो जन्मथलो लमजुङ, ख्होलासौंथर गाउँ पालिका वडा नै १, नजरेबेंसी साम्रो गाउँमा पनि एउटा सानो बौद्ध स्तुपा निर्माण गर्ने तयारी भैरहेको छ। यो स्थान समुन्द्री सतहदेखि लगभग १२६० मिटरको उचाइमा अवस्थित रहेको छ। भौगोलिक हिसाबले उत्तरी पानी ढलोमा अवस्थित रहेकोले अलि सेपिलो छ।

बसाइँ सराइको प्रभावले त्यहाँ जनसंख्या अत्यन्तै कम छ। गाउँमा अहिले लमहरूको २ घर, कामीको १ घर, लेमको १ घर, नेवारको १ घर र पराजुलीको १ घर गरी जम्मा ६ घर धुरी रहेका छन्। त्यहाँ श्री लोकबाल प्राथमिक विद्यालय सञ्चालन भइरहेको छ। तर, बसाइँ सराइको प्रभावले विद्यालय जिर्ण अवस्थामा पुगेको छ।

यो साम्रो गाउँ जानको लागि बेसीशहरको साजी बगैचाबाट उकालो चढेर पैदल मार्ग लाग्नु पर्छ त्यहाँबाट मकैडाँडा, मकैडाँडा स्कुल, सारिङ, कुर्पिन हुदै, साम्रो गाउँ पुग्न सकिन्छ। साम्रो गाउँबाट, करे छहरा, छरछरे, देवीथान हुँदै नजरे गाउँ पुग्छ। नजरे गाउँबाट कोक्यु बजार हुँदै, मालिङ गाउँ र घलेगाउँ जान सकिन्छ।

बेसीशहरबाट गाउँ आउने बाटोमा रहेको “करे छहरा” लाई ब्यबस्थित गर्न सकेमा भविष्यमा आन्तरिक पर्यटनको प्रबर्द्धन हुनसक्ने प्रबल संभावना रहेको देखिन्छ। यो गाउँमा आउनको लागि खुदी खोला, सेरा, भलम खोला, घट्ठखोला हुदै पनि आउन सकिन्छ। पुमा गाउँ र बाग्लुङ पानीबाट पनि झर्न सकिन्छ।

दारेढुंगा भन्ने स्थानमा शिवलय मन्दिर छ। यो ढुंगाको पश्चिम पठ्ठिको तला कुनामा सेतो नागको थान छ। यो सेतो नाग श्वेतकेतु बोधिसत्वको अंगरक्षक हुन्। सत्य युगमा त्यही ढुंगा माथि बोधिसत्व ध्यानमा बस्नु हुन्थ्यो भन्ने कथा लमखबेल छ्वेमा उमे लीपीमा लेखिएको छ। यो नागराज मुचलिन्दा परिवारका हुन्। यो नागको साधना गर्न सकेमा मनोकामना पूर्ण हुन्छ भन्ने श्रृति रहेको छ। यो नागको पूजा बिधिमा सेतो धजा, चामलको दूना, दुई वटा नागाकार, दूध र धानको लयाँ उत्कृष्ट मानिन्छ।

उत्तर पठ्ठि शिवको थान छ। त्यो थानको शिरानमा हात्तिको दाह्रा जस्तो दुई वटा ढुंगा छन्। त्यसैले यसको नाम पनि दाह्रेढुंगा रहन गएको भन्ने भनाइ छ। यहाँ उद्यौली र उभौलीमा पूजा गरिन्छ। यही दारेढुंगा माथि “दीर्घायु, प्रज्ञा र संमृद्धि” सहितको एउटा मिनि स्तुपा निर्माण कार्य तत्कालै आरम्भ हुँदैछ। यो स्तुपाको उद्घाटन कार्यक्रममा यहाँहरू सबैलाई निमन्त्रणा पठाइने छ। प्रतिक्षा गर्नु होला।

शिवलय र बौद्ध स्तुपाको हातामा चौतारा, कार पार्किङ, शौचालय, बिजुली, पानीको धारा, बुद्ध बाटिका, बिपासना केन्द्र र बनभोज स्थल निर्माण गर्ने कार्य योजना रहेको छ।

अन्तमा, २५७० औं बुद्ध जयन्तीको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वस्थ, सुख, शान्ति, उन्नति, प्रगति, संमृद्धि एवं दीर्घायुको हार्दिक मंगलमय शुभकामना ! भवतु सर्वमंगलम्।

*(बेलायत निवासी श्री चन्द्र प्रसाद गुरूङ, अवकाश प्राप्त ब्रिटिश आर्मी, स्वतन्त्र लेखक, गीतकार पदयात्री एवं सामाजिक अभियन्ता हुन्।)*